नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार , काठमाडौं

फोन ४२०००००
४२००२८१
४२००२९७
४२००२९९

पत्र संख्या :-
चलानी नं. :-

मिति : २०७० श्रावण ८

# प्रेश विज्ञप्ति

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३६ ले नेपाल सरकारले स्थानीय निकायलाई तोकिएको न्यूनतम अनुदान उपलब्ध गराउनुका अतिरिक्त सम्बन्धित स्थानीय निकायको जनसंख्या विकासको स्तर, राजस्व परिचालन गर्न सक्ने सम्भाव्यता र क्षमता, वित्तीय साधनको आवश्यकता, आय र व्ययको नियमित अभिलेख कार्य, लेखा परीक्षणको स्थिति, आर्थिक अनुशासनको स्थिति जस्ता आधारमा थप अनुदान रकम उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा २३७ अनुसार गठित स्थानीय निकाय वित्तीय आयोगको सिफारिश समेत लिई न्यूनतम शर्त र कार्य सम्पादन सूचक समेतका आधारमा मूल्यांकन गरी स्थानीय निकायलाई दिइने अनुदानमा थपघट र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलार्य पुरस्कृत गर्न सक्ने व्यवस्था स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७३ घ ले गरेको छ ।

स्थानीय स्वायत्त शासन ऐनको उक्त व्यवस्था अनुसार नेपाल सरकार मन्त्रीपरिषदको मिति २०६३।८।११ को निर्णयअनुसार गठित स्थानीय निकाय वित्तीय आयोगलाई अन्य कार्यहरुका अतिरिक्त स्थानीय निकायहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सूचकहरु बनाई मूल्यांकन गरी सो अनुसार पाउने अनुदान रकम निर्धारण गर्ने कार्य समेत तोकिएको छ । यो व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय निकाय वित्तीय आयोगले ३ वटै स्थानीय निकायहरुको मूल्यांकनका लागि कार्यविधिहरु तर्जुमा गरी लागू गरेको छ ।

न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि बमोजिम स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले स्वतन्त्र मूल्यांकनकर्ताहरु मार्फत सबै स्थानीय निकायहरुको आ.व. ०६८।६९ को मूल्यांकन कार्य सम्पन्न गरेको छ । जिविस तथा नगरपालिकाहरुको मूल्यांकन प्रयोजनका लागि स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार सार्वजनिक सूचना प्रकासन गरी प्रतिस्पर्धात्मक ढंगले मूल्यांकनकर्ताहरुको छनौट गरेको थियो । मूल्यांकन प्रयोजनका लागि जिविस तथा नपाहरुलाई ३७ बटा समूहमा विभाजन गरी ३७ वटा टीम छनौटका लागि सूचना मार्फत प्रस्ताव आव्हान गरिएकोमा १२२ वटा प्रस्तावहरु परेका थिए । सो मध्ये पूर्वनिर्धारित मापदण्ड अनुसार ३७ वटा प्रस्ताव छनौट गरिएको थियो । गा. वि.स.को मूल्यांकन भने सम्वन्धित जिविस मार्फत सम्पन्न भएको छ ।

मूल्यांकनको गुणस्तर कायम गर्ने उद्देश्यले १०% (८ वटा) जिविस तथा ६ वटा नगरपालिकाहरुको मूल्यांकनको गुणस्तर परिक्षण समेत गरिएको थियो । साथै सचिवालयले विभिन्न जिल्लाका २७२ वटा गाविसहरुको न्यूनतम शर्त मापनको गुणस्तर परिक्षण गरेको थियो ।

सो मूल्यांकन नतिजालाई स्वीकृत गर्ने समेत प्रयोजनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवज्यूको अध्यक्ष्यतामा गठित सुपरीवेक्षण तथा व्यवस्थापन समितिको आज बसेको बैठकले न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको नतिजालाई स्वीकृत गरेको छ । मूल्यांकनकर्ताहरुबाट प्राप्त मूल्यांकन प्रतिवेदनहरु प्रतिक्रियाका लागि सम्बन्धित जिविस तथा नगरपालिकाहरुमा पठाइएको थियो । यस सम्वन्धमा ३५ वटा जिविस र ३० वटा नगरपालिकाहरुबाट गुनासो तथा प्रतिक्रियाहरु प्राप्त भएका थिए । प्राप्त गुनासो तथा प्रतिक्रियाहरुको सुनुवाई सचिवज्यूबाट भएको थियो । मूल्यांकनको अन्तिम नतिजा अनुसार ८६.अंक प्राप्त गरी धनकुटा जिविसले उत्कृष्ट स्थान हासिल गरेको छ भने नगरपालिका तर्फ ९१ अंक प्राप्त

फोन ४२०००००
४२००२८१
४२००२९७
४२००२९९

पत्र संख्या :-
चलानी नं. :-

गरी बुटवल नगरपालिकाले उत्कृष्टता हासिल गरेको छ । यो मूल्यांकनको इतिहाँसमा नै पहिलो पटक सिराहा जिविस तथा काठमाण्डौ महानगरपालिकाले न्यूनतम शर्तका सूचकमा सफलता प्राप्त गर्न सक्षम भएका छन् ।

गाउ विकास समिति तर्फ देशभरका कुल ३९१५ गाविसको मूल्यांकन सम्पन्न भएकोमा ३०७५ गाविसले न्यूनतम शर्तका सूचकहरु पूरा गरेका छन् । मूल्यांकनको परिणाम अनुसार ६ वटा जिविस र ५ वटा नगरपालिकाहरु न्यूनतम शर्तका सूचक पुरा गर्न असफल भएका छन् ।

कार्यविधिको व्यवस्था अनुसार यस मूल्यांकनको नतिजाले जिविस तथा नगरपालिकाको अनुदानमा निम्नानुसार प्रभाव पारेको छ ।

**जिल्ला विकास समिति तर्फ**

**८१ वा सो भन्दा बढी अंक हासिल गरी ३० प्रतिशत थप पूजिगत अनुदान प्राप्त गर्ने जिविसहरु :**

धनकुटा, तेह्रथुम, भक्तपुर, उदयपुर, पाल्पा

**६६ देखि ८० अंक प्राप्त गरी २५ प्रतिशत थप पूजिगत अनुदान प्राप्त गर्ने जिविसहरु :**

खोटाङ्ग, बाँके, दोलखा, सिन्धुपाल्चोक, दैलेख, नवलपरासी, सोलुखुम्बु, रुकुम, काभ्रे, लमजुङ्ग, ताप्लेजुङ्ग, कास्की, गुल्मी, अर्घाखाँची, पाँचथर, ओखलढुङ्गा, सिन्धुली, तनहुँ, कपिलवस्तु, मकवानपुर, स्याङ्गजा, झापा, पर्वत, बाग्लुङ्ग, रुपन्देही, भोजपुर, मुस्ताङ्ग, म्याग्दी

**५१ देखि ६५ अंक प्राप्त गरी २० प्रतिशत थप पूजिगत अनुदान प्राप्त गर्ने जिविसहरु :**

सुनसरी, नुवाकोट, मनाङ्ग, प्यूठान, हुम्ला, इलाम, मोरङ्ग, संखुवासभा, काठमाण्डौ, दाङ्ग, वाजुरा, चितवन, अछाम, डोटी, पर्सा, सल्यान, वर्दिया, धादिङ्ग, सुर्खेत, वझाङ्ग, कैलाली, गोरखा, रोल्पा, मुगु, कञ्चनपुर, वैतडी, रामेछाप, दार्चुला, रसुवा

**३६ देखि ५० अंक प्राप्त गरी यथावत थप पूजिगत अनुदान प्राप्त गर्ने जिविस** : वारा

**न्यूनतम शर्तमा सफल तर कार्यसम्पादन मापनको कार्यक्षेत्रमा असफल भइ २० प्रतिशत अनुदान कटौती हुने जिविसहरु :**

ललितपुर, जाजरकोट, रौतहट, सिराहा, डोल्पा, सप्तरी
न्यूनतम शर्तमा असफल भइ थप पूजिगत अनुदान गुमाउने जिविसहरु :
जुम्ला, डडेलधुरा, कालिकोट, सर्लाही, महोत्तरी, धनुषा

**नगरपालिका तर्फ**

**माथिल्लो श्रेणीमा परी २५ प्रतिशत थप अनुदान पाउने १३ वटा नगरपालिकाहरु :**

फोन ४२०००००
४२००२८१
४२००२९७
४२००२९९

पत्र संख्या :-
चलानी नं. :-

वुटवल, गुलरिया, इलाम, भक्तपुर, वालिङ्ग, वाग्लुङ्ग, रत्ननगर, रामग्राम, घोराही, मेचीनगर, दमक, कपिलवस्तु, ललितपुर

**दोस्रो श्रेणीमा परी १० प्रतिशत थप पूजिगत अनुदान पाउने नगरपालिकाहरु :**

भद्रपुर, वनेपा, सिद्धार्थनगर, तानसेन, भरतपुर, पनौती, हेटौडा, टीकापुर, इटहरी, विदुर, नारायण, वीरेन्द्रनगर, धनगढी, धरान ।

**तेस्रो श्रेणीमा परी १० प्रतिशत अनुदान कटौती हुने नगरपालिकाहरु :**

धनकुटा, कीर्तिपुर, इनरुवा, विरगञ्ज, तुलसीपुर, त्रियुगा, धुलिखेल, पोखरा, लेखनाथ, अमरगढी, व्यास, कलैया, पुतलीवजार

**चौथो श्रेणीमा परी २५ प्रतिशत अनुदान कटौती हुने नगरपालिकाहरु :**

मध्यपुर थिमि, नेपालगञ्ज, राजविराज, दशरथचन्द, भीमदत्त, खाँदवारी, दिपायल सिलगढी, लहान, जनकपुर, गौर, काठमाण्डौ, मलंगवा, जलेश्वर

**न्यूनतम शर्तमा असफल भइ थप अनुदान नपाउने नगरपालिकाहरु :**

भीमेश्वर, कमलामाइ, विराटनगर, गोरखा, सिराहा

**अनुदान सम्बन्धी विशेष व्यवस्था**

चालु आर्थिक बर्षदेखि स्थानीय निकायहरुमा जाने अनुदान सम्बन्धमा निम्नानुसार विशेष व्यवस्था गरिएको छ :

१. गाउँ विकास समितिहरुमा जाने सम्पुर्ण अनुदानलाई पुर्णतः सुत्रमा आधारित गरिएको छ । यस अनुसार गाविसहरुले कम्तिमा रु.१५ लाख र बढिमा रु ४६ लाख सम्म पाउन सक्ने गरी न्यूनतम र अधिकतम सीमा निर्धारण गरिएको छ ।

२. न्यूनतम शर्तमा असफल हुने जिविस तथा नगरपालिकाहरुको संस्थागत क्षमता विकास लगायत तोकिएका कार्यहरु समेतका लागि न्यूनतम पूँजिगत अनुदानमा केहि थप गरिएको छ । यस्तो रकम खर्च गर्ने प्रक्रिया र क्षेत्रहरु मन्त्रालयले निर्धारण गर्नेछ ।

दिनेश कुमार थपलिया
सह सचिव एवम् प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
२०७०।४।८